# माङ्सेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ, इलाम
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२
च. नं.

मितिः २०८२/०२/२१
ने.सं. ११४५, तछलाथ्व:नवमी,बुधबार

विषाय : अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सूचना ।

श्री सम्बन्धित सबै,
माङसेबुङ गाउँपालिका, इलाम।

प्रस्तुत विषयमा प्रदेश सरकार, कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयबाट चालु आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको आयआर्जन क्रियाकलपमा संलग्न भएका र अरु नयाँ उद्यमीहरुको व्यवसाय विस्तार र नयाँ उद्यमको स्थापना र संचालन गरिरहेको व्यवसायलाई अझ प्रवर्द्धन गर्न अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सवलीकरणका लागि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी मिति : २०८२/०२/३० गते भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका तथा म्याद नाघी प्राप्त आवेदनहरु उपर कुनै कारबाही हुने छैन।

(क) आवश्यक न्युनतम मापदण्ड:

- ✓ नेपाली नागरिक,
- ✓ सेतो वा पहेलो अपाङ्गता परिचयपत्र भएको अपाङ्गता भएको व्यक्ति,
- ✓ निलो र रातो अपाङ्गता परिचयपत्र पाएको व्यक्तिको हकमा एकाघरको परिवारको सदस्य,
- ✓ माङसेबुङ गाउँपालिकाको स्थायी बासिन्दा,
- ✓ उद्यम व्यवसायमा संलग्न भएको वा सीप तालिम प्राप्त गरी उद्यम वा व्यवसाय शुरु गर्न तत्पर रहेका अपाङ्गता भएका व्यक्ति।

(ख) संलग्न गर्नुपर्ने कागजातहरु:

- ✓ अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम सञ्चालन प्रकृयाको अनुसूची १ बमोजिमको आवेदन फारम,

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२ | मितिः २०८२/०२/२१
च. नं. | ने.सं. ११४५, तछलाथ्व:नवमी,बुधबार

- ✓ आवेदकको नागरिकता वा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
- ✓ व्यवसाय दर्ता भएको भए दर्ता प्रमाणपत्र,
- ✓ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

थप जानकारीका लागि माङसेबुङ गाउँपालिका सामाजिक विकास शाखा तथा अपाङ्गता सहायता सहजकर्ता मो.नं. ९७४१८५२५५७ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ साथै निवेदन सम्बन्धित शाखाबाट प्राप्त गर्न सक्नुहुनेछ।

दिलकुमार राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा माङसेबुङ गाउँपालिका : वेबसाइट तथा सूचनाका माध्यममा राखी दिनुहुन।
श्री सम्पुर्ण वडा कार्यालयहरु माङसेबुङ गाउँपालिका : आवश्यक सहजीकरण गरिदिनहुन।